नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं:- २९५

मितिः-२०८१/१२/०३

नेपाल संवत् ११४५

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०८१/११/०५ गतेको सचिव बठैकको निर्णय अनुसार सार्वजनिक निकायमा स्वदेशी बस्तुको प्रयोग सम्बन्धी निर्देशिका सबै मन्त्रालयले अनिवार्य रुपमा कार्यान्वयन गर्ने र सोही प्रयोजनका लागि प्रदेश तथा स्थानीय तहलाई कार्यान्वयनको लागि अनुरोध गर्ने भनि आएकोले सोही व्यहोरा आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः-

श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनु हुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

श्री योजना महाशाखा
कार्यान्वयन गर्ने।
२०८१/११/१२

## मिति २०८१ फागुन ०५ गतेको सचिव बैठकको निर्णयहरु:

१. सबै सरकारी कार्यालयमा आर्थिक वर्ष २०८२/८३ देखि अनिवार्य रुपमा QR Codeसहितको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) को प्रयोग गर्ने निर्णय मिति २०८१ पौषको सचिव बैठकमा भइसकेको सन्दर्भमा यस कार्यको लागि डिजिटल हस्ताक्षरको प्रबन्ध गृह मन्त्रालयले तथा अन्य प्राविधिक विषयको प्रवन्ध सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मिलाउने। यस कार्यमा विद्युतीय सुशासन बोर्डले अन्य प्राविधिक सहयोग पुऱ्याउने।

२. सार्वजनिक निकायबाट हुने सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने उद्देश्यअनुरुप कार्यान्वयनमा ल्याइएको नागरिक एपमार्फत छिटो छरितो सेवा दिने प्रवन्ध सबै मन्त्रालय/विभाग/कार्यालयले गर्ने गराउने।समयमै सेवा प्रवाह र निर्णय भए नभएको सन्दर्भमा केन्द्रीय निकाय र राष्ट्रिय सतर्कता केन्द्रले नियमित अनुगमन गर्ने।

३. विभिन्न मन्त्रालय र अन्तर्गतका निकायमा विविध विषयका लागि पठाइएका फाइलहरु समयमै निर्णय नभई कार्य सम्पादनमा ढिलाई भैरहेको गुनासो प्राप्त भएको सन्दर्भमा संशोधित सुशासन सञ्चालन तथा व्यवस्थापन ऐन तथा नियमावली र संशोधित कार्यसम्पादन नियमावली बमोजिम तोकिएको समयभित्रै उपरोक्त फाइलहरू टुङ्ग्याउने।

४. सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग सम्बन्धी निर्देशिका सबै मन्त्रालयले अनिवार्य रुपमा कार्यान्वयन गर्ने। सोही प्रयोजनका लागि प्रदेश तथा स्थानीय तहलाई कार्यान्वयनको लागि अनुरोध गर्ने।

५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवको संयोजकत्वमा गृह सचिव तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय मामिला हेर्ने सचिव सदस्य रहने समितिले दुई महिनाभित्र सेवा निवृत्त राष्ट्रसेवक/निजामती कर्मचारीहरूको ज्ञान सीप र अनुभवलाई राष्ट्रसेवामा समुचित उपयोग गर्न तथा निजहरूले पालना गर्नुपर्ने आचरणलाई संहिताबद्ध गर्नका लागि मस्यौदा तयार गरी सचिव बैठकमा पेश गर्ने।

६. हरेक मन्त्रालय/आयोग/निकायमा विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक सतर्कता अपनाउनुका साथै विपद् प्रतिरोधी सामग्री र सीप सहित विपद् व्यवस्थापनको प्रवन्ध मिलाउने।

७. नागरिकहरुले हेलो सरकारमा गरेको गुनासो तथा उजुरीहरुलाई सबै निकायहरुले उच्च प्राथमिकतामा राखी यथासमयमै सम्बोधन गर्ने व्यवस्था मिलाउने र पोर्टलमा दर्ता भएर रहेका गुनासो तथा उजुरीहरुलाई तत्काल फछ्र्यौट गर्ने व्यवस्था मिलाउने।

८. निवृत्तिभरणको सुविधा लिईरहेका पूर्व राष्ट्रसेवकहरुले आफूले पाईरहेको निवृत्तिभरणलाई निरन्तरता दिन ६ महिनामा एक पटक सशरीर सम्बन्धित बैंकमा उपस्थित हुनुपर्ने विद्यमान व्यवस्थाले कठिनाई भैरहेको र सो व्यवस्थाको पुनरावलोकन गर्न अनुरोध समेत भएको सन्दर्भमा त्यस्ता राष्ट्रसेवकहरुले

प्रमुख सचिव